

के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कन्सर्न

रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्कः

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २२२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ भदौं ७ गते शुक्रबार ❑ 23 Aug 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## दुई मन्त्रीलाई नहटाउने काग्रेंसको अडान कायमै

**पोखरापत्र संवाददाता**
पोखरा, ६ भदौं

गण्डकी प्रदेशक मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे नेतृत्वको सरकार बचाउन महत्वपूर्ण भूमिका खेलेका प्रदेशका दुई मन्त्रीलाई पदबाट नहटाउने काग्रेंसले बटम लाइन नै बनाएको छ।

केन्द्रमा सत्ता गठबन्धन परिवर्तन भएको करिब डेढ महिना भन्दा बढी समय हुँदा पनि नेसपाका फणिन्द्र देवकोटा, स्वतन्त्र निर्वाचित राजीव गुरुङ (दीपक मनाङे) लाई मन्त्रीपदबाट कागेंसले नहटाउने र एमालेले हटाउनु पर्ने मुख्य बिबाद भएको हुँदा नयाँ गठबन्धन सहितको सरकार गठनमा ढिलाई भएको श्रोतले बताएको छ । बुधबार नेपाली काग्रेंस संसदीय दलको बैठकमा समेत काग्रेंसले आफ्नो बटम लाइन क्लिएर गरेको छ। अब बन्ने नयाँ सरकारमा दुई मन्त्रीलाई अनिवार्य रुपमा मनत्री पदबाट नहटाउने आवश्यक परे एमालेको सहकार्यमा मन्त्रालय बढाउन चाहेको श्रोतले जनाएको छ । जति सक्दो छिटो नयाँ सरकार बनाउने ७ मन्त्रालय हुँदा एमालेलाई २ मन्त्रालय दिने, यदि मन्त्रालयको संख्या एमालेले बढाउन चाहेमा ९ पुर्‍याउदा ३ र १० पुर्‍याएमा ४ मन्त्रालयसम्म एमालेलाई दिन सक्ने बिषयमा छलफल भएको बताइन्छ।

एमालेले भने आफ्नो सरकार ढाल्नमा दुई सांसदको मुख्य भूमिका भएकोले उहाँहरुलाई मन्त्री पदबाट हटाउन माग गर्दै आएको छ। अन्तिम समयमा भने एमालेले दुई मन्त्री काग्रेंसकै गणनामा एमालेसंग मन्त्रालय बाडफाँड गर्न माग गरेको छ।

गण्डकी सरकारको नेतृत्व काग्रेंसले गर्ने केन्द्र सहमति भएसंगै नयाँ गठबन्धनको सरकार गठनमा ढिलाई भएकोले एमाले संसदीय दलका नेता खगराज अधिकारी आफु मुख्यमन्त्री हुने प्रयासमा केन्द्रमा केही प्रयास समेत गर्नु भएको थियो । मुख्यमन्त्री पाण्डेले विश्वासको मत लिने क्रममा फलोर क्रस गदै माओवादीको निर्वाचन चिन्ह लिएर नेसपाका नेता देवकोटाले पाण्डेको पक्षमा मत दिए पछि सरकार गठनका लागि आवश्यक बहुमत पुगेको थियो । सरकार गठनका लागि अन्य प्रदेशमा केन्द्रबाट निर्देशन भएसंगै गठन प्रकृया अघि बढेको अबस्थामा गण्डकीमा भने हालसम्म सरकार गठनका लागि केन्द्रबाट कुनै प्रकारको निर्देशन नआएका कारण सरकार गठनमा दुई दल बिच पटक पटक छलफल भए पनि हालसम्म टुंगिन नसकेको हो

६० सदस्य प्रदेश सभा रहेको गण्डकीमा काग्रेसका २७ सगै राप्रपाका दुई, नेपाल समाजवादी पार्टी सगै स्वतन्त्र एक एक गरि ३१ जनाका समर्थन सरकारलाई रहेको छ । सरकारमा नेसपाका फणिन्द्र देवकोटा, स्वतन्त्र निर्वाचित राजीव गुरुङ (दीपक मनाङे) सगै काग्रेसका मुख्यमन्त्री सगै तीन मन्त्री रहनु भएको छ। ७ मन्त्रालय मध्य ५ मन्त्रालय टुंगिएको छ भने बाँकी दुई मन्त्रालय एमालेलाई केही हेरफेर गरी कागेंसले दिन खोजेको छ।

बजेटका हिसावले करिब ३८ देखि ४० प्रतिशत बजेट भएको भौतिक पूर्वाधार सहित २ मन्त्रालय दिन कागेंस तयार छ। यसमा एमालेले सहमति जनाउन सकि रहेको छैन् । गण्डकी सरकारको नेतृत्व काग्रेंसले गर्ने केन्द्र सहमति भएसंगै नयाँ गठबन्धनको सरकार गठनमा ढिलाई भएकोले एमाले संसदीय दलका नेता खगराज अधिकारी आफु मुख्यमन्त्री हुने प्रयासमा केन्द्रमा केही प्रयास गरेका थिए। सभामुख सहितको संख्या गठना गदै २०८० चैत २५ मा एमालेका अधिकारी मुख्यमन्त्री नियुक्त हुनु भएको थियो।

सर्वोच्चले ३० लाई बहुमत मान्न नसकिने भन्दै त्यसलाई अबैध भनेपछि प्रदेश सभामा ठुलो दलको नेताको हैसियतमा काग्रेंसका संसदीय दलका नेता पाण्डे १६ जेठमा मुख्यमन्त्री नियुक्त हुनु भयो । २८ गते पाण्डेले विश्वासको मत लिने क्रममा फलोर क्रस गदै माओवादीको निर्वाचन चिन्ह लिएर विजयी नेसपाका नेता देवकोटाले पाण्डेको पक्षमा मत दिए पछि सरकार गठनका लागि आवश्यक बहुमत पुगेको थियो। प्रदेश सभामा माओबादी केन्द्रको सभामुख सहित ७ सांसद रहनु भएको छ । केन्द्रमा एमाले र माओबादी, रासपा लगायतका दलहरु बिच गठबन्धन भत्केसंगै प्रदेशका आर्थिक मामिला मन्त्री हरि बहादुर चुमान र सामाजिक विकास तथा स्वास्थ्य मन्त्री शुसिला सिंमखडालाई मुख्यमन्त्री पाण्डेले बर्खास्त गर्नु भएको थियो।

## पोखरा उद्योग बाणिज्य संघमा गोकर्ण कार्कीको अध्यक्षमा उमेदवारी दिने घोषणा

**पोखरापत्र संवाददाता**
पोखरा, ६ भदौं




पोखराको जेठो सामाजिक संस्था पोखरा उद्योग बाणिज्य संघको ३५ औं अधिवेशनमा गोकर्ण कार्कीले अध्यक्षमा उमेदवारी दिने घोषणा गरेका छन्।

संघको बरिष्ठ उपाध्यक्ष रहेका कार्कीले यही भदौ २८ र २९ गते पोखरामा हुने संघको महाधिवेशनमा आफु अध्यक्षमा उमेदवारी दिने बिहीबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराइएको हो । सबै व्यवसायीहरुलाई समेटेर अघि बढ्ने बताउदै अध्यक्षका दाबेदार कार्कीले कसैलाई पाखा, कसैलाई काखा नगर्ने, आमव्यवसायी आफ्नो शक्ति रहेको दाबी गर्दै प्यानल बिनै आफु अध्यक्षमा उम्मेदवारी दिने जनाए।

वरिष्ठ उपाध्यक्ष भएको नाताले आफ्नो उमेदवारी स्वभाविक भएको प्रतिक्रया दिदै उनले सहकार्यका लागि सबै ढोकाहरु खुलै राखेको कार्कीले बताए । २०५५ सालमा संघको साधारण सदस्यबाट संघमा प्रबेश गरेका उनी २०७३ सालमा स्वतन्त्र रुपमा लडेर उपाध्यक्ष (उद्योग तर्फ) निर्वाचित भएका थिए । यसैबिच, केही दिन अघि अर्जुन पोखरेलले अध्यक्षको उमेदवारी घोषणा गरिसकेका छन् । अर्जुनले पदाधिकारी सहित उमेदवारी घोषणा गरेका थिए । पोखरेलसँग हालका पदाधिकारीमा रहेका अधिकांश व्यक्तिहरुलाई आफ्नो प्यानलमा समेटेका छन् । पोखरेलको नेतृत्वमा वरिष्ठ उपाध्यक्षमा उत्तममान वुद्धाचार्य, उपाध्यक्ष (बाणिज्य तर्फ) बलराम आचार्य, उपाध्यक्ष (उद्योग तर्फ) दिनेश वाँस्तोला, महासचिवमा शोभा गौतम, उप-महासचिबमा बालकृष्ण कोइराला, कोषाध्यक्षमा मनोजकुमार श्रेष्ठले उमेदवारी दिनुहुने भएका छन् ।

## शर्तसहित टिकटक खोल्न दिने सरकारको निर्णय

**रासस**
काठमाडौं, ६ भदौं

नेपाल सरकारले शर्तसहित सामाजिक सञ्जाल 'टिकटक' खोल्न दिने निर्णय गरेको छ

नेपाल सरकार-मन्त्रिपरिषद्को बिहीबार बसेको बैठकले सो निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं सरकारका प्रवक्ता पृथ्वीसुब्बा गुरुङले जानकारी दिनुभयो ।

सबै सामाजिक सञ्जाललाई समान व्यवहार गर्न र आवश्यक नियम, कानुन बनाउन गत साउन २४ गते सञ्चारमन्त्री, सचिव र नेपाल दूरसञ्चार प्राधिकरणका अधिकारीको छलफलमा प्रधानमन्त्री केपी शर्मा ओलीले दिनुभएको निर्देशनका आधारमा सञ्चार मन्त्रालयले उक्त प्रस्ताव तयार गरेको थियो ।

टिकटकको प्रयोग गरेर बिकृती बढाएको भनी टिप्पणी भएपछितत्कालीनसरकारलेगत कत्तिक २७ गते टिकटिकमाथि प्रतिबन्ध लगाएको थियो ।

## कास्कीमा डेंगूका बिरामी बढ्दै

**पोखरापत्र संवाददाता**
पोखरा, ६ भदौं

कास्कीमा डेंगूका बिरामीहरुको ङख्यामा ह्वात्तै बृद्धि भएसंगै यहाँ सचेतना मुलक कार्यक्रम सुरु भएको छ। सरकारी तथा गैर सरकारी विभिन्न संघ संस्थाले यस्तो अभियान जारी राखेका छन् ।

कास्कीमा डेंगू रोग नियन्त्रण गर्न सशस्त्र प्रहरी बल नं.२४ कालिका गणले विभिन्न सचेतना मुलक कार्यक्रम तथा सरसफाई गर्ने भएको छ। स्थानीयहरू सँगको सहकार्य एवं सहभागितामा भोलि(शुक्रबार) बिहान ७ बजे देखि ९:३० बजे सम्म पोखरा महानगरपालिका वडा नं.५ र ८ का विभिन्न टोलहरुमा डेंगू खोजि गरी मार्ने अभियान अर्न्तगत बिषेश सरसफाई गर्ने भएको गणका गणपति अरुण पौडेलले बताउनु भयो । पोखरा महानगरपालिका वडा नं. ८ मा १३१ जना, वडा नं. ५ मा १२१ जना र वडा नं. १७ मा ३३ जना भन्दा बढीमा डेंगूका बिरामी रहेको उहाँले जनाउनु भयो ।

कास्की सहित गण्डकी प्रदेशमा डेंगूका बिरामीहरुको ङख्यामा ह्वात्तै बृद्धि भएसंगै निजी ल्यावहरुलाई निश्चित शुल्कमा डेंगू परिक्षण गर्न गण्डकी प्रदेशको जनस्वास्थ्य प्रयोगशालाले जनाएको छ । हाल प्रदेशमा डेंगीको महामारी रहेकोले विभिन्न माध्यमबाट निजि प्रयोगशालाहरुले डेंगूको द्रुत परिक्षण किटको प्रयोग नगरेको र यसको शुल्क ६ सय भन्दा बढी लिएको जनगुनासो आएसंगै प्रयोगशालाले ६ सय रुपैया भित्र डेंगू परिक्षण गर्न सूचना जारी गरेको हो। प्रदेशका सामाजिक विकास तथा स्वास्थ्य मन्त्री विन्दु कुमार थापाको विशेष उपस्थितिमा प्रादेशिक डेंगू रोकथाम तथा नियन्त्रण निर्देशक समितिको बैठकले उक्त निर्णय पालना गर्न हुन् निर्देशन दिदै अन्यथा कानुन बमोजिम नगरे कार्वाही गर्ने प्रयोगशालाका महानिर्देशक मनमोहन मिश्रले बताउनु भयो ।

कास्कीमा ९ सय २७ जना भन्दा बढीमा डेंगू रोग शंक्रमण देखा परेको उहाँले जनाउनु भयो । पोखरा सहित कास्कीका अधिकांश अस्पतालमा डेंगू रोग शंक्रमण बिरामीहरु रहेको स्वास्थ्य कार्यालय कास्कीका भेक्टर कन्ट्रोल अधिकृत यामनाथ बरालले बताउनु भयो । कास्कीका ५ पालिका मध्य सबै भन्दा धेरै पोखरा महानगरमा करिब ६ सय ८५ डेंगुका बिरामीहरु भेटिएका छन् भने मादी गाउँपालिकामा हालसम्म यस सिजनमा डेंगुका बिरामी भेटिएका छैनन् । अन्नपूर्ण र रुपमा गाँउपालिकामा ६/६ जनामा र माछापुच्छ्रे गाउँपालिकामा ४ जनामा डेंगू संक्रमण देखा परेको बरालले उल्लेख गर्नुभयो। पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान( पश्चिमाञ्चल क्षेत्रिय अस्पताल), गण्डकी मेडिकल कलेज, मेट्रोसिटि, फिस्टेल, रिजनल, मणिपाल शिक्षण अस्पताल लगायतका अस्पतालमा डेंगु शंक्रमण बिरामी रहनु भएको छ।

डेंगू रोग शंक्रमणबाट कास्कीमा एक महिला सहित दुई जनाको मृत्यु भएको छ भने तनहुँबाट डेंगू रोग शंक्रमण भई पोखरामा उपचारको क्रममा एक जनाको मृत्यु भएको छ।

## चौबीस घण्टापछि पृथ्वी राजमार्ग सञ्चालनमा


**पोखरापत्र संवाददाता**
पोखरा, ६ भदौं

पृथ्वीराजमार्गअन्तर्गत तनहुँको घाँसीकुवा-डुम्रे सडकखण्ड २४ घण्टापछि सञ्चालनमा आएको छ।

व्यास नगरपालिका-१२ घाँसीकुवामा बुधबार साँझ ५ बजे गएको पहिरो बिहीबार साँझ हटाइएपछि उक्त खण्ड एकतर्फी सञ्चालनमा आएको हो।



सडकमाथिको डाँडा खसेर उक्त खण्डअवरुद्ध भएकामा बिहीबार बिहान ८ बजेदेखि पहिरो हटाउने काम सुरु गरिएको थियो । निर्माणाधीन मुग्लिन-पोखरा सडक योजना (पूर्वी खण्ड)को सहयोगमा पहिरा हटाएर राजमार्ग पुनःसञ्चालन गराइएको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी उपरीक्षक वीरेन्द्रबहादुर शाहीले जानकारी दिनुभयो । दुईतर्फी बाटो सञ्चालन गराउनका लागि काम भइरहेको उहाँले बताउनुभयो । निर्माणाधीन सो सडक विस्तारका क्रममा डाँडा खार्ने काम हुँदा यो क्षेत्रमा पहिराको जोखिम रहँदै आएको छ । पहिरोका कारण लामो समयसम्म सडक अवरुद्ध हुँदा सर्वसाधारणले सास्ती खेप्नु परेको थियो । पृथ्वी राजमार्ग भएर यात्रा गर्नेलाई दमौली हुँदै घाँसीकुँवा निस्कन तालघरे, दरैपधैंरा हुँदै घाँसीकुवाको बाटो प्रयोग गराइएको थियो ।

# नेपाली विभागमा छात्रवृत्ति वितरण तथा परिचर्चा

पोखरापत्र संवाददाता
पोखरा, ६ भदौं

पृथ्वीनारायण क्याम्पस नेपाली विभागले विभागीय छात्रवृत्ति वितरण तथा साहित्यक परिचर्चा कार्यक्रम सम्पन्न गरेको छ।

विभागले बिहीवार एक समारोहबीच छात्रवृत्ति वितरण र साहित्यकार तीर्थराज अधिकारीको नवौं कृति 'यो कसको हात हो' दोस्रो संस्करणको परिचर्चा एकैसाथ आयोजना गरेको हो।

कार्यक्रमका प्रमुख अतिथि निमित्त क्याम्पस प्रमुख शंकरनाथ पौडेल, विभागीय प्रमुख डा. यमनाथ तिमिल्सिना, छात्रवृत्ति संस्थापक कृष्णप्रसाद पौडेल, राधादेवी पौडेल, तीर्थराज अधिकारी, सीतादेवी अधिकारीले संयुक्तरूपमा उक्त छात्रवृत्ति अर्पण गरे। पूर्व विभागीय प्रमुख कृष्णप्रसाद पौडेलद्वारा आफ्ना बुवा शालिकराम पौडेलको स्मृतिमा स्थापित शालिकराम-कृष्ण पौडेल छात्रवृत्ति जमुना कुमारी रिजालले प्राप्त गरेकी छन् । यसैगरी, मुक्तकमणि तीर्थराज अधिकारीद्वारा स्थापित सीता-तीर्थ छात्रवृत्ति शिवप्रसाद पौडेलले प्राप्त गरे । उनीहरूलाई जनही पाँच हजार एकसय नगद, दोसल्ला र प्रमाणपत्रसहित छात्रवृत्ति प्रदान गरिएको हो।

कार्यक्रमका प्रमुख अतिथि निमित्त क्याम्पस प्रमुख शंकरनाथ पौडेलले ३४ विषयमा प्राध्यापन गराउने पृथ्वीनारायण क्याम्पसमा नेपाली विभागको गौरव र गरिमा क्याम्पसले गर्व गर्न लाएक रहेको बताए । प्रमख पौडेलले तीर्थराज अधिकारीले विभागप्रति देखाएको हार्दिकता र स्नेह भाव अनुकरणीय रहेको धारणा राख्दै भने- 'राजनीतिक, सामाजिक, साहित्यिक क्षेत्र मात्र नभएर शैक्षिक क्षेत्रमासमेत योगदान दिएका अधिकारीको योगदान स्तुत्य छ।'

निमित्त क्याम्पस प्रमुख पौडेले पुरस्कृत भाइबहिनीलाई अझ मेहनत गरेर अगाडि बढ्न सुझावसमेत दिए । शालिग्राम-कृष्ण पौडेल छात्रवृत्तिका संस्थापक कृष्णप्रसाद पौडेलले विभागीय छात्रवृत्तिबारे जानकारी गराउँदै अधिकारी र पौडेल परिवारद्वारा स्थापित अक्षयकोषको ब्याजबाट छात्रवृत्ति वितरण गर्दै आइएको र आगामी दिनमा छात्रवृत्ति रकम क्रमशः वृद्धि गर्दै लैजाने बताए । 'यो कसको हात हो' कृतिको परिचर्चा गर्दै पौडेलले तीर्थराज अधिकारीलाई बहुआयामिक व्यक्तित्वका रूपमा चिनाए । उनले अधिकारी जस्ता भावना भएका स्रष्टा साधकको संख्या समाजमा बढ्ने हो भने देशको समग्र क्षेत्रमा सुधार र प्रोत्साहनका नमुना देख्न पाइने धारणा पनि राखे । सीता-तीर्थ छात्रवृत्तिका संस्थापक तीर्थराज अधिकारीले सेवा गर्न पाउनुमा आनन्द अनुभूति हुने बताए। समय र परिस्थितिका कारण मात्र नभएर कहिलेकाहीं स्वभावले दुःख पाएको स्मरण गर्दै अधिकारीले भने- '२०२७ सालमा ४० रूपैयाँ सहयोग गरेका मित्रले ५० वर्षपछि सम्झे, किनकि हामीले जस्तो भावनाले बिऊ रोपिन्छ त्यस्तै फल फल्छ।'

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज अनेसासका विषयमा बोल्दै अधिकारीले अनेसासको एउटै मात्र चिन्तन नेपाली भाषा, साहित्यको संरक्षण र स्रष्टालाई प्रोत्साहन रहेको बताए । उनले साहित्य सिर्जनामा लाग्नेहरूले निर्माण गरेको पर्खालले आफ्नै चेतनालाई कैद गर्ने भएकाले हरेक स्रष्टाले फराकिलो चिन्तन बोकेर हिँड्नुपर्नेमा जोड दिए।

विभागीय प्रमुख डा. यमनाथ तिमिल्सिनाले मानविकी संकायमा विद्यार्थीको संख्या कम हुँदै गएको अवस्थामा विभागीय अक्षयकोषले विद्यार्थीलाई प्रोत्साहन मिल्ने धारणा राखे । विभागीय सदस्य डा. लक्ष्मीशरण अधिकारीले पृथ्वीनारायण क्याम्पसमा पढेका विद्यार्थी अब्बल छन्, उनीहरूमा प्रचुर क्षमता र सम्भावना छ भन्ने कुरामा विभागका पूर्व विद्यार्थीको मेहनतले पनि देखाएको बताए।

विभागीय सदस्य डा. श्रीधर न्यौपानेले विभागले दुवै छात्रछात्रालाई मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीन कार्यालयद्वारा लिइएको नेपाली स्नातकोत्तर प्रथम सत्रको परीक्षाका आधारमा सर्वोत्कृष्ट विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको जानकारी दिए।

छात्रवृत्ति प्राप्त गर्ने शिवप्रसाद पौडेल र जमुना कुमारी रिजालले छात्रवृत्तिले आफ्नो जीवनलाई शिक्षासँग समर्पित गरेर अगाडि बढ्नका लागि प्रोत्साहन मिलेको बताउँदै संस्थापकप्रति आभार व्यक्त गरे। विभागद्वारा सञ्चालित छात्रवृत्तिबाट यसअघि वसन्त खनाल, मिलन नेपाली, रामबहादुर माल, तारानाथ पराजुली, भोजमाया गुरुङ, विष्णुप्रसाद काफ्लेले प्राप्त गर्न सफल भएको सो अवसरमा जानकारी गराइएको थियो।



# बाँझो जग्गामा ड्र्यागन फ्रुट खेती

पोखरापत्र संवाददाता
स्याङ्जा, ६ भदौं

स्याङ्जाको कालीगण्डकी गाउँपालिकाले आफ्नो बाँझो जमिनमा ड्र्यागन फ्रुट (सिउँडीफल) को खेती गर्न थालेको छ।

आर्थिक वर्ष २०७६/०७७ देखि पालिकाले बाँझो जग्गामा थालेको नमुना ड्र्यागन फ्रुटले उत्पादन समेत दिन थालेको छ।

पालिकाका लागि ड्र्यागन फ्रुट आम्दानीको स्रोत बन्दै गएको छ। पालिकाले परीक्षणका रूपमा वडा नं ४ को बिर्घामा २४ रोपनी र वडा नं. ५ जैपतेमा एक रोपनी जमिनमा ड्र्यागन खेती थालेको थियो । स्थानीय किसानलाई आयआर्जनमा जोड्ने उद्देश्यले पालिका आफैंले सुरु गरेको ड्र्यागन खेतीले राम्रोसँग फल दिन थालेको पालिकाका अध्यक्ष खिमबहादुर थापाले बताए। काभ्रे र रौतहट जिल्लाबाट ड्र्यागनका बिरुवा ल्याएर बाँझो जमिन १५ वर्षलाई भाडामा लिएर खेती विस्तार गरेको पालिका अध्यक्ष थापाले सुनाए । उनले ड्र्यागन फ्रुटबाट राम्रो आम्दानी हुन थालेको र बिक्रीका लागि बिरुवा पनि तयार हुन लागेको जानकारी दिए। पालिकाले गत वर्ष ड्र्यागन फ्रुटबाट झण्डै एक लाख ५० हजार भन्दा बढी आम्दानी लिन सफल भएको थियो । चालु वर्षको पहिलो महिनामै दुई लाख ४६ हजार रुपैयाँको फल बेचिसकेको बताउँदै थापाले भने, "ड्र्यागनको फल र बिरुवा बिक्री गरेर पालिकाले चालु वर्षमा पाँच लाखसम्म आम्दानी लिने अनुमान गरिएको छ।" ड्र्यागन खेतीका लागि संघीय सरकार र पालिकाको गरेर ९० लाख लगानी रहेको छ । पालिकाका कृषि अधिकृत अनुप पौडेलले एक हजार ६ सय पिल्लरमा ४ हजार ८ सय वटा ड्र्यागन फ्रुट रोपिएको बताए । पालिकाको अगुवाईमा ड्र्यागन खेती थालेपछि स्थानीय किसानले समेत ड्र्यागन खेती थालेको पौडेलले बताए।

स्थानीय किसानलाई लक्षित गरेर खेती विस्तार कार्यक्रम अन्तर्गत ड्र्यागन फ्रुटको बिरुवाका लागि ५० प्रतिशत र पिल्लर निर्माणमा शतप्रतिशत अनुदानको व्यवस्था गरिएको छ। अनुदानको व्यवस्था गरेपछि पालिकाभित्र करिब एक हजार रोपनी जग्गामा ड्र्यागन खेती शुरु भएको छ।

स्थानीय स्तरमा उत्पादित फल ग्रामीण बजारमै खपत भएको छ । निर्यातका तुलनामा ग्रामीण बजारलाई प्राथमिकता दिएर सस्तो दरमा फल बिक्री वितरण गरिदै आएको छ । आउँदो वर्षदेखि स्याङ्जादेखि नजिकै रहेका पोखरा तथा बुटवल जस्ता ठूला बजारमा पालिकाकै नेतृत्वमा ड्र्यागन फल निर्यात गर्ने लक्ष्य राखिएको पालिकाले जनाएको छ।



# मुस्ताङमा स्याउ टिप्ने समय तालिका

पोखरापत्र संवाददाता
म्याग्दी ६ भदौं

मुस्ताङको प्रमुख कृषि उपज स्याउ टिप्ने समय तालिका बनाइएको छ । उच्च घनत्वको गाला प्रजातिको स्याउ यही भदौ १० गते, रिइरोट जातको स्याउ भदौ १५ र स्थानीय रोयल, रेड, गोल्डेन डेलिसियस र फुजी जातको स्याउ आगामी असोज १ गतेदेखि टिप्ने समय तालिका बनाइएको हो।

जिल्ला समन्वय समिति मुस्ताङका प्रमुख माया गुरुङको अध्यक्षतामा आज जोमसोममा बसेको कृषि ज्ञान केन्द्र, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको स्याउ जोन, स्थानीय तहका जनप्रतिनिधि र कृषकको बैठकले स्याउ टिप्ने समय तालिका बनाएको कृषि ज्ञान केन्द्रका प्रमुख प्रकाश बस्ताकोटीले जानकारी दिनुभयो । "जात र गुणको आधारमा छिटो पाक्ने जातलाई पहिले र ढिलो पाक्ने जातलाई पछि टिपेर बजार पठाउने तालिका बनाइएको छ", उहाँले भन्नुभयो, "स्याउ पाक्ने बित्तिकै टिपेपछि बजारको समस्या हुँदैन र किसानले मूल्य पाउँछन ।" अघिल्ला वर्षमा मुस्ताङमा असोज १ गतेदेखि स्याउ टिप्ने गरिएको थियो । कृषक कर्म गुरुङले तापक्रम वृद्धिका कारण यसपाली स्याउमा छिटो गुलियो पसेकाले टिप्ने समय अघि सारिएको बताउनुभयो। अनुकूल मौसम, बगैँचा व्यवस्थापन, रोग कीराको समस्या कम देखिएकाले उत्पादन वृद्धिसँगै गुणस्तर पनि बढ्ने कृषि ज्ञान केन्द्र मुस्ताङका कृषि प्रसार अधिकृत निशान खड्का मगरले बताउनुभयो । गत वर्षको तुलनामा २५ देखि ३० प्रतिशतले स्याउ उत्पादन बढ्ने अनुमान गरिएको उहाँले बताउनुभयो । मुस्ताङको एक हजार चार सय ७५ हेक्टर क्षेत्रफलमा स्याउ खेती भएकोमा पाँच सय ८० हेक्टर क्षेत्रफलमा लगाइएको स्याउ बोटले उत्पादन दिने गरेको छ । ३८ हेक्टर क्षेत्रफल जमिनमा इटालीबाट ल्याइएको उच्च घनत्वको स्याउ खेती भएको छ । गत वर्ष चार हजार नौ सय ७५ मेट्रिक्टन स्याउ उत्पादन भएको र रु ४९ करोड २५ लाख बराबरको स्याउ बिक्री भएको कृषि ज्ञान केन्द्रको तथ्याङ्क छ। म्याग्दी, बागलुङ, पोखरा, चितवन, बुटवल, काठमाडौँलगायतका सहरका व्यापारी बगैँचामा नपाग्दै अग्रीम पैसा दिएर ठेक्कामा स्याउ खरिद गर्दछन् । मुस्ताङ घुम्न आउने पर्यटकले पनि कोशेलीको रुपमा स्याउ किनेर लैजाने गर्छन् । बिक्री नहुने साना दाना भएका स्याउ मदिरा र सुकुटी बनाउन प्रयोग हुन्छ।

# नेपालले बङ्गलादेशलाई हरायो

रासस
काठमाडौं ६ भदौं

दक्षिण एसियाली फुटबल महासङ्घ (साफ) यु-२० च्याम्पियनसिप फुटबल प्रतियोगितामा बङ्गलादेशलाई हराउँदै नेपाल समूह विजेताका रुपमा सेमिफाइनलमा पुगेको छ।

सातदोबाटोस्थित एन्फा (अखिल नेपाल फुटबल सङ्घ) कम्प्लेक्सको खेल मैदानमा आज भएको समूह चरणको आफ्नो अन्तिम खेलमा नेपालले बङ्गलादेशलाई २-१ गोलअन्तरले पराजित गर्दै समूह 'ए' को विजेताको रुपमा सेमिफाइनलमा पुगेको हो । नेपालले आफ्नो पहिलो खेलमा श्रीलङ्कालाई १-० गोलअन्तरले पराजित गरेको थियो। नेपालको दुई खेलमा ६ अङ्क भएको छ। यस हारसँगै बङ्गलादेश पनि समूह 'ए' को उपविजेता बन्दै सेमिफाइनलमा पुगेको छ । बङ्गलादेशलले तीन अङ्क बटुलेको छ। श्रीलङ्का भने अङ्कविहीन रहँदै प्रतियोगिताबाट बाहिरियो । नेपालको जितमा समिर तामाङ र निराजन धामीले समान एक एक गोल गरे । दुवै गोल खेलको पहिलो हाफमा भएको थियो । खेलको १७औं मिनेटमा नेपालले पहिलो अग्रता लियो । नेपालका समिरले नेपाललाई पहिलो अग्रता दिलाएका हुन्। त्यसपछि खेलको १९औं मिनेटमा नेपालका अर्का खेलाडी निराजनले एक गोल थपे । उनले अभिनाश स्याङ्तानको क्रसमा गोल गरेका हुन्। त्यस्तै खेलको ४३औं मिनेटमा बङ्गलादेशका लागि मिराजुल इस्लामले पेनाल्टीमार्फत एक गोल फर्काए । नेपालका राम थापाले पेनाल्टी क्षेत्रभित्र मिराजुललाई लडाएपछि रेफ्रीले बङ्गलादेशलाई पेनाल्टी दिएको थियो।

खेलको दोस्रो हाफमा दुवै टोलीले गोल गर्ने निकै प्रयास गरे पनि सफल हुन सकेनन् र अन्ततः खेल २-१ मा सम्पन्न भयो। समूह 'बी' अन्तर्गत समूह चरणको अन्तिम खेल भोलि हुनेछ। जसमा भारत र माल्दिभ्स आमने सामने हुनेछन्।

# पर्वतमा एक वर्षमा सात चितुवा मृत भेटिए

पोखरापत्र संवाददाता
पर्वत, ६ भदौं

जिल्लाका विभिन्न स्थानमा एक वर्षको अवधिमा सातवटा चितुवा मृत अवस्थामा भेटिएका छन् । जिल्लास्थित डिभिजन वन कार्यालयका अनुसार गत आर्थिक वर्षमा विभिन्न स्थानबाट सातवटा चितुवा मृत भेटिएका हुन्।

कार्यालय प्रमुख झ्यामनारायण सापकोटाले गत पुस १ गतेदेखि गत जेठसम्ममा पोथी चितुवा र चितुवाका बच्चा मृतावस्थामा भेटिएका जानकारी दिनुभयो । गत पुस १ गते जिल्लाको बिहादी गाउँपालिका-२ बर्चौरमा बच्चा चितुवा, पुस ९ गते कुश्मा नगरपालिका-८ चुवामा एउटा भाले र एउटा पोथी, पुस १२ गते मोदी गाउँपालिका-५ बाजुङमा दुईवटा चितुवा मृत फेला परेपछि डिभिजन वन कार्यालयको टोली पुगेर उद्धार गरेको थियो।

गत वैशाख १८ मा कुश्मा-९ कटुवाचौपारीको चिन्नेखोलामा भाले चितुवा र जेठ १३ मा कुश्मा-२ खुर्कोटमा एउटा पोथी चितुवा मृतावस्थामा फेला परेका कार्यालयले जनाएको छ । वन क्षेत्रको वृद्धि, चितुवाका लागि उपयुक्त बासस्थान र आहारको व्यवस्था मिल्दा पछिल्लो समय जिल्लामा चितुवाको सङ्ख्यामा वृद्धि हुँदै गएको सापकोटाले बताउनुभयो । "गाउँघरमा रातिको समयमा पशुचौपायामाथि चितुवाले आक्रमण गर्ने क्रममा मृत्यु भएको हुनसक्छ । मृत भेटिएकामा बच्चा चितुवा पनि छन्, यसको कारण आहारको खोजी हुनसक्ने अनुमान गरेका छौं", उहाँले भन्नुभयो।

मृतावस्थामा भेटिएका चितुवाको प्रकृति हेर्दा अरूको आक्रमणमा परेकोजस्तो नदेखिएको डिभिजन वन कार्यालयका प्रमुख सापकोटाले बताउनुभयो। "अहिले खाद्य चक्रमा समस्या आइहेकाले तिनीहरूको मृत्यु भएको हुन सक्छ । कोही पानी खान जाँदा पोखरीमा डुबेर मरेको पनि भेटियो।

बाघको जस्तै उपयोगिता चितुवाको नहुने भएकाले मानिसले चितुवालाई मार्ने गरेको खासै भेटिएको छैन", उहाँले भन्नुभयो। चितुवाका बच्चासमेत मृत भेटिनुले आमाहरू आहाराको खोजीमा निस्किने र आहारा नपाउँदा केही समय बासस्थानमा नफर्कंदा बच्चाहरू भोकले मरेको हुनसक्ने सापकोटाको भनाइ छ।

आहाराका लागि घाँसेमैदान आवश्यक पर्ने भन्दै उहाँले पहाडी वनमा त्यति धेरै घाँसे मैदान नहुने, हरिण, मृगलगायत जनावरको सङ्ख्या कमी हुँदै जाँदा खाद्य सङ्कट परेको हुन सक्ने उहाँले बताउनुभयो।


पर्वतमा आव २०७९/८० मा नौवटा चितुवा मृतावस्थामा उद्धार गरिएको थियो। उक्त वर्ष दुई चितुवाको जिउँदै अवस्थामा उद्धार गरिएको थियो।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा बढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको बीच बीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाइसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर तफले ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क बि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# हट्यो टिकटक माथिको प्रतिबन्ध

सरकारले सामाजिक सञ्जाल टिकटकमाथिको प्रतिबन्ध हटाएको छ । बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले करिब एक वर्षदेखि बन्द रहेको सामाजिक सञ्जाल टिकटकमाथिको प्रतिबन्ध खुला गर्ने निर्णय गरेको छासरकारले कुनै कानुन टेकेर होइन मन्त्रिपरिषद् को निर्णयको आधारमा पुष्प कमल दाहाल प्रचण्डको सरकारले टिकटक माथि प्रतिबन्ध लगाएको थियो । संविधानले दिएको अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित पार्ने गरि टिकटक माथि प्रतिबन्ध लागेको थियो । प्रयोगमा सहज र गाउँ गाउँ सम्म पुग्ने माध्यम टिकटक भएका कारण लोकप्रिय छाप्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा काम गर्ने संस्था तथा अभियन्ताले टिकटक प्रतिबन्ध विरुद्ध सर्वोच्चमा रिट दायर गरेका छन ।

सरकारको निर्णयको विरोधमा १२ वटा रिट दर्ता भएका छन । त्यस उपर सर्वोच्चले प्रारम्भिक सुनुवाइ समेत भएको छैनासरकारले प्रतिबन्ध शर्त सहित हटाएको हुँदा शर्त पालना नभए के हुन्छ भन्ने स्पष्ट छैन । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले सरकारले हालै पारित गरेको सामाजिक सञ्जाल सञ्चालन निर्देशिकाको पालना र अन्य चार सर्तसहित टिकटकमाथि लगाइएको प्रतिबन्ध खुला गरिएको जानकारी दिएका छन । निर्देशिका सबै सामाजिक सञ्जालका लागि लागू हुने र टिकटकले उक्त निर्देशिकाबाहेक पनि चार सर्तहरु पूरा गर्नुपर्नेछ । सरकारका प्रवक्ता संचार तथा सूचना प्रविधि मन्त्री पृथ्वीसुब्बा गुरुङका अनुसार टिकटकले नेपालको पर्यटन प्रवर्द्धनमा सहयोग गर्नुपर्ने, डिजिटल सुरक्षा साक्षरताका लागि लगानी गरी नेपाली नागरिकको साक्षरता दर बढाउन मद्दत गर्नुपर्ने, सार्वजनिक शिक्षालाई गुणस्तरीय बनाउनका लागि सहयोग गर्नुपर्ने र सामाजिक सञ्जालमा प्रयोग हुने भाषामा संवेदनशीलता अपनाउनुपर्ने सर्त राखिएको छ ।

सरकारले यी सर्तहरु राख्दा टिकटकले स्वीकार गर्ने भएपछि अहिलेलाई नीतिगत रुपमा टिकटक खुला गरेको छ । सामाजिक सद्भाव भड्काएको भन्दै २०८० असोज २७ गते तत्कालीन पुष्पकमल दाहाल सरकारले सामाजिक सञ्जाल टिकटकमा प्रतिबन्ध लगाएको थियो । भूराजनीतिक कारणले टिकटक माथि प्रतिबन्ध लागेको बुझ्न सकिन्छ ।सरकारले नियमन गर्नु भन्दा धेरैले प्रयोग गर्ने सजिलो र सहज माध्यम माथि प्रतिबन्ध लगाएर कसैलाई खुशी पार्ने काम गरेको थियो । अहिलेको सरकारले गल्ती सच्याउने र धेरैको मन जित्ने काम गरेको छ । लोकतान्त्रिक सरकारले आदेशको भरमा होइन कानुनको आधारमा चल्नुपर्छ । गलत प्रयोगकर्तालाई निहुँ बनाएर विना कानुन प्रतिबन्ध लगाउने काम गलत थियो ।

गलत काम सच्याएर जाने र संविधान र कानुन प्रदत्त अधिकार खोस्ने काम हुँदैन भनेर जनतालाई आश्वस्त पार्ने काम सरकारले गर्नैपर्छ । मन्त्री गुरुङका अनुसार अब टिकटकमात्र नभई सबै सामाजिक सञ्जालले सामाजिक सद्भाव भड्काउने गरी कुनै पनि पोष्ट र सामाग्री प्रसार गर्न पाउने छैनन् । सरकारले जारी गरेको जुन निर्देशिका छ, त्यसमा उल्लेखित नियम सबै सामाजिक सञ्जालले मान्नुपर्छ । कुनै पनि सामाजिक सञ्जालले पालना गरोस् भन्ने सरकारको चाहना हो भने सरोकारवालासँग परामर्श गरेर कानुन बनाउन विलम्ब गर्नु हुँदैन ।

# नियमविपरीत नदीजन्य पदार्थ सङ्कलन गर्नेलाई १६ लाख जरिवाना

**पोखरापत्र संवाददाता**
बागलुङ, ६ भदौं

नियमविपरीत उत्खनन गरी नदीजन्य पदार्थ सङ्कलन गर्नेलाई जिल्ला समन्वय समितिले स्थानीय तहको सहयोगमा कारबाही थालेको छ ।

बागलुङ नगरपालिकाले कालाखोला बगर, भाटेखोला बगर, दब्ल्याङ बगर, खनियाघाटलगायत बगरबाट अवैध रूपमा उत्खनन गरी बालुवा तथा ढुङ्गा सङ्कलन गर्नेलाई कारबाही गर्न थालेको छ । नगरपालिकाले जरिवानास्वरूप क्रसर व्यवसायी तथा नदीजन्य पदार्थको अवैध दोहन गर्नेबाट रु १६ लाख २२ हजार राजस्व सङ्कलन गरेको छ ।

असारदेखि भदौ १५ गतेसम्म नदीजन्य पदार्थ निकाल्न नपाइने कानुनी व्यवस्था तथा कालीगण्डकी नदीमा नदीजन्य पदार्थको ठेक्का लगाउन नपाइने सर्वोच्च अदालतको आदेशविरुद्धमा नदीजन्य पदार्थको उत्खनन भइरहेपछि जिल्ला समन्वय समितिले निगरानी बढाएको छ । जिल्ला समन्वय समितिका प्रमुख अमरबहादुर थापाले राज्यलाई कर छलेर अवैध रूपमा उत्खनन गरेर थुपारेका बालुका र ढुङ्गाको परिणाम मूल्याङ्कन गरी नगरपालिकालाई दण्ड तथा जरिवाना गर्न निर्देशन दिइएको बताउनुभयो । "अहिले कालीगण्डकीबाट बालुवा निकाल्न पाइँदैन, तर मध्यरातमा दोहन भइरहेको छ, हामीले दोहन भएर बिक्रीका लागि राखिएको बालुवाको परिमाणका आधारमा जरिवाना गर्न थालेका छौं, यो अभियान बागलुङ नगरपालिकामा मात्र सीमित नभई जिल्लाभर चलाइनेछ, स्थानीय तहले राजस्व गुमाउने र नदीजन्य पदार्थको दोहन भइरहने परिपाटीको अन्त्य हुन आवश्यक छ", जिसस प्रमुख थापाले भन्नुभयो । जिल्ला समन्वय समिति र बागलुङ नगरपालिकासहितको अनुगमनबाट १५ स्थानमा सङ्कलन गरिएको बालुवा तथा ढुङ्गाको दण्ड तथा जरिवाना सङ्कलनकर्तालाई तिराउनेगरी नापजाँच भइरहेको छ ।" बागलुङ नगरपालिका राजस्व शाखा प्रमुख काशिराम शर्माका अनुसार१३ स्थानमा सङ्कलन गरेको बालुवा तथा ढुङ्गाको राजस्व सङ्कलनका लागि मूल्याङ्कन भइरहेको छ । आरएस कन्ट्रक्सनले बागलुङ नगरपालिकालाई अग्रिम आयकरवापत रु १८ हजार चार सय ६३, मूल्य अभिवृद्धि करवापत रु एक लाख ६० हजार पाँच र दण्ड तथा जरिवानावापत रु १२ लाख ५५ हजार आठ सय छ गरी रु १४ लाख ३४ हजार दुई सय ७४ र विष्णु चोखालमार्फत रु एक लाख ८७ हजार नौ सय ४४ दण्ड जरिवाना तिरेको छ ।

जिल्ला समन्वय समितिको रोहबरमा नगरपालिका क्षेत्रका १३ स्थानमा अवैध रूपमा उत्खनन गरिएको बालुवा तथा ढुङ्गा सङ्कलनकर्तालाई जरिवाना तिराउन मूल्याङ्कन भइरहेको नगरपालिकाका इन्जिनियर सोबिन घर्तीले जानकारी दिनुभयो ।

# बोलबम कार्यक्रमको आयव्यय सार्वजनिक

**पोखरापत्र संवाददाता**
पोखरा, ६ भदौं

केदारेश्वर महादेव मणि सेवाश्रम समिति पोखरा ६ बैदामले यो वर्ष संचालन गरेको बोलबम कार्यक्रमको आयव्यय सार्वजनिक भएको छ ।

केदारेश्वर महादेवमणी सेवाश्रम समितिको बैठकले आयव्यय अनुमोदन गरी सार्वजनिक गरेको हो । २०८१ श्रावण महिनाको बोलबम कार्यक्रमा श्रद्धालु भक्तजनबाट सहयोग स्वरुप, रसिद काटी जम्मा भएको, दानबाकसमा चढाएको भेटी, मन्दिरमा चढाएको भेटी सहित महाआरती समेत बाट नगद रु. २० लाख १९ हजार छ्यासी आय भएको थियो भने सोहि महिनाको बोलबम कार्यक्रम विभिन्न शिर्षकहरुमा रु. ३ लाख ८५ हजार ४ सय सत्तरी खर्च भएको समितिका कोषाध्यक्ष रामप्रसाद बस्ताकोटीले जानकारी दिनुभयो । सोही कार्यक्रमबाट खर्च कटाएर नगद रु.१६ लाख ३३ हजार ६ सय १६ रुपैयाँ बचत भएको छ । विगत २३ वर्षदेखि संचालन हुँदै आएको बोलबम कार्यक्रमको कारण केदारेश्वर महादेव मणि मन्दिर बोलबम धामको रुपमा विकास भएको पीठाधीश चिद्घन चैतन्य महाराजले बताउनुभयो । शुक्लागण्डकी गाईघाटबाट जल लिएर केदारेश्वर महादेव मन्दिरमा जलार्पण गर्नका लागि श्रावण महिना भरि भक्तजनहरुको घुइँचो लागेको थियो । श्रावण महिना भरि बोलबम कार्यक्रम सफल बनाउन विभिन्न किसिमले लाग्नुभएका कार्यसमितिका पदाधिकारीहरु, सामाजिक संघसंस्थाका प्रतिनिधिहरु उद्योग व्यवसायी तथा श्रद्धालु भक्तजनहरुमा पीठाधीश महाराज जीले हार्दिक आभार व्यक्त गर्नुभएको छ ।

# पर्वतमा गाईभैंसीमा कृत्रिम गर्भाधानप्रति आकर्षण घट्यो

**पोखरापत्र संवाददाता**
पर्वत, ६ भदौं

घरपालुवा पशुमा कृत्रिम गर्भाधानलाई बढावा दिन राज्यले विभिन्न प्रोत्साहनमूलक कार्यक्रम ल्याएको छ । तर पर्वतमा भने कृत्रिम गर्भाधानप्रति किसानको अकर्षण घट्दै गएको छ ।

सरकारले रु २५ मा उपलब्ध गराउँदै आएको गाईभैंसीको कृत्रिम गर्भाधान (एआई सेवा) पशु प्राविधिक र चिकित्सकले महँगो शुल्क लिन थालेपछि किसानको आकर्षण घटेको हो । किसानले महँगो शुल्क तिर्नुपरेको गुनासो गर्न थालेका छन् । आर्थिक वर्ष २०८०/८१ मा जम्मा एक हजार छ सय १९ वटा गाईभैंसीमा मात्र कृत्रिम गर्भाधान गराइएको छ ।

जिल्लाभर २६ हजार आठ सय ८५ वटा गाई, ३२ हजार पाँच सय सात भैंसी र ५२ हजार तीन सय १० वटा बाख्रा रहेको तथ्याङ्क छ । गाईभैंसीलाई गर्भाधान गराउने बेला भएको समयमै पशु प्राविधिक र चिकित्सकको सहज उपस्थिति नहुने, भइहाले पनि मनोमानी रूपमा शुल्क तोक्ने गरेका कारण आकर्षण बढ्न नसकेको फलेवास-५ का किसान धर्म पौडेलले बताउनुभयो । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमार्फत रु २५ मा उपलब्ध हुने पशुको सिड अर्थात् वीर्य किसानका गोठमा पुगेर लगाउँदा प्राविधिकले महँगो शुल्क लिने गरेको पशुपालक किसानको गुनासो छ । कुश्मा नगरपालिका–८ चुवामा सृजनशील कृषि तथा पशु फार्म सञ्चालन गर्दै आउनुभएका किसान सृजन पौडेलले कृत्रिम गर्भाधान गराउँदा सरकारी चिकित्सकले महँगो शुल्क लिने गरेका कारण मर्कामा परेको गुनासो गुर्नभयो । सोही ठाउँका अर्का किसान विष्णुप्रसाद भुर्ताजीले पनि पशु चिकित्सकको मनोमानीका कारण आफूहरू मारमा परेको बताउनुभयो । उहाँले परम्परागत रूपमा भैंसीलाई राँगो र गाईलाई बहर नै खोजेर लगाउँदा आधाभन्दा बढी सस्तो पर्ने गरेको बताउनुभयो । सरकारी सेवा महँगो बन्दा पेसा नै छाडनुपर्ने भएको किसानले बताएका छन् । कुश्मा नगरपालिकाको नगर पशु सेवा शाखाले भने कुश्मा नगर कार्यपालिकाले कुनै पनि नीतिनियम नबनाइदिएका कारण चिकित्सकले आफूखुसी शुल्क लिने गरेको बताएको छ । शाखाका अधिकृत राजेन्द्र सुवेदीले कृत्रिम गर्भाधान सेवा सुरु भएबाट अहिलेसम्म चिकित्सकको अनुकूलमा शुल्क निर्धारण गरेर किसानलाई सेवा दिँदै आएको बताउनुभयो । उहाँले रु पाँच सयभन्दा बढी लिन नहुने दाबी गर्नुभयो ।

चौध वडा रहेको पर्वतको कुश्मा नगरपालिकामा जिल्लामै सबैभन्दा बढी व्यावसायिक पशु फार्म रहेका छन् । जिल्लाका सातवटै स्थानीय तहमा कृत्रिम गर्भाधानको सेवा विस्तार गरिएको भए पनि किसानले परम्परागत रूपमै गराउने गरेको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका प्रमुख पुष्पराज बाँस्तोलाले बताउनुभयो । उहाँले विज्ञ केन्द्र वा अन्य शाखामै लिएर आउने पशुलाई रु २५ मा सेवा दिने गरिएको बताउनुभयो । उहाँले किसानबाट महँगो शुल्क लिएको बारेमा कुनै गुनासो नआएको बताउनुभयो । कार्यालय समयभन्दा बाहिर किसानका घरमै पुग्दा पशु विज्ञ तथा प्राविधिकले महँगो शुल्क लिएको हुनसक्ने बास्तोलाले बताउनुभयो । पर्वतको पैयूँ गाउँपालिकाले भने राँगो पाल्ने किसानलाई अनुदान दिएको छ । पालिकामा कृत्रिम गर्भाधान सेवा उपलब्ध भए पनि गाउँपालिकाले राँगो पाल्ने किसानलाई वार्षिक रु २० हजार अनुदान दिने कार्यक्रम ल्याएको हो । स्थानीय लिमे, पाराकोटे भैंसीको संरक्षण तथा किसानलाई प्रोत्साहन गर्न राँगापालकलाई अनुदान दिन थालिएको प्रमुख प्रशासकीय अधिकृत राजीव रिमालले बताउनुभयो । राँगापालकलाई अनुदान दिन यस वर्ष पालिकाले रु आठ लाख विनियोजन गरेको छ ।

# मुहार फेर्दै बलेवाको कालभैरव मन्दिर

**पोखरापत्र संवाददाता**
बागलुङ, ६ भदौं

विसं १७८० मा स्थापना भएको यहाँको बलेवास्थित कालभैरव मन्दिरको विसं २००० को दशकमा छानो फेरियो । डाँडाको टुप्पोमा बनेको सानो मन्दिर पौराणिक कलाकौशलले भरिपूर्ण छ । बलेवा कालभैरव मन्दिर पुग्ने जो–कोहीले पौराणिक संरचना देख्न पाउँछन् । देशभरका शक्तिपीठहरूमा आधुनिकताको लहर चल्दा पनि यो मन्दिरको मुहार फेरिएको थिएन ।

पत्थर माथि बनेको मन्दिर परिसरमा लगाइएको ढुङ्गामाटोको पर्खाल उस्तै छन् । मन्दिर छेउको मौलो, मूर्ति हिजो जुन अवस्थामा थिए, आज पनि उस्तै छन् । विभिन्न कालखण्डमा मन्दिरको संरक्षण र प्रवर्द्धनका लागि बनेका समितिले मन्दिरको गरिमा जोगाए । मन्दिरलाई आस्थाको केन्द्र बनाए । तर यहाँ अन्य संरचना निर्माण हुन सकेन । भएकै संरचनाको संरक्षण चाहीं गरे ।

बागलुङको ऐतिहासिक धार्मिक शक्तिपिठ बलेवा कालभैरवस्थान मन्दिर परिसरको मुहार केही वर्षयता फेरिन थालेको छ । पत्थर काटेर बनाइएको खुल्ला परिसरमा ताराजालीले सुरक्षित गर्ने, मन्दिरको पूर्व तर्फको भू–भागमा पर्खाल लगाएर फराकिलो बनाउने काम सुरु भएको छ । पूजा सकेर बाहिर निस्किँदा भिरमै लडिने जस्तो परिसर अहिले फेरिएको छ ।

सत्तल पुनःनिर्माण, समितिको सचिवालय भवन, प्रवेशद्वार र पैदलमार्ग निर्माणको काम अन्तिम चरणमा छ । मन्दिरको मूलढोका नजिकै गणेश मन्दिर निर्माण भएको छ । मन्दिर परिसरमा सिसी क्यामेरा, मोठ भेटीको सुरक्षा र चौतारी निर्माणाधीन छ । "सरकार, दाता र मन्दिरको आम्दानीले संरचना तयार गर्दै छौं", गुठी व्यवस्थापन समितिका अध्यक्ष ज्ञानेन्द्र ढकालले भन्नुभयो, "मन्दिरको जीर्णोद्वार र पुनःनिर्माणको काम थाल्दै छौं, पौराणिक महत्व नमेटिने गरी मन्दिर नयाँ बनाउने अभियानमा छौं ।" मन्दिरको पुनःनिर्माणका लागि गण्डकी प्रदेश सरकार र सङ्घीय सरकारले रु ३७ लाख बजेट चालु आर्थिक वर्षमा विनियोजन गरेका छन् ।

स्थानीयले इष्टदेवताको रूपमा मान्दै आएको बलेवा कालभैरव धार्मिक शक्तिपीठको रूपमा परिचित छ । सरकारले घोषणा गरेको एक सय पर्यटकीय गन्तव्य सूचीमा परेको मन्दिरलाई पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न विभिन्न संरचना निर्माण थालिएको छ । समितिले आयस्रोत बढाउन मन्दिरको गेट बाहिर ११ वटा व्यावसायिक सटर राखेको छ । "भाडाले मन्दिरको आम्दानी बढाउँछ, दर्शनार्थीले भनेका बेला फूलप्रसाद र खाजा/खाना पाउँछन्", समितिका कोषाध्यक्ष चन्द्रबहादुर खत्रीले भन्नुभयो ।

भैरवस्थान मन्दिर जिल्लाकै मुख्य धार्मिक पर्यटकीय क्षेत्रको रूपमा परिचित छ । दुई दर्जन हिमशृङ्खलाको दृश्यावलोकन गर्न सकिने अग्लो ठाउँमा रहेको यस मन्दिरमा पुग्दा मनोकाङ्क्षा पुरा हुने विश्वास गरिन्छ । नियमित पूजा हुने मन्दिरमा साताको मङ्गलबार र शनिबार भक्तजनको चाप बढ्छ ।

मन्दिर भएको स्थान सयौं वर्ष पहिले बलेवा क्षेत्रका दर्जनभन्दा बढी गाउँको कोट(कोत)को रूपमा रहेको बागलुङ नगरपालिका १२ अमलाचौरका वडाध्यक्ष कोपिलामणि शर्मा बताउनुहुन्छ ।

# लोमान्थाङका परिवारलाई विद्युतीय चुलो

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ६ भदौं

मुस्ताङको लोमान्थाङ गाउँपालिकाको दुईवटा वडाका बासिन्दालाई विद्युतीय चुलो वितरण गरिएको छ । दाउरा र ग्यासको खपत घटाएर जलवायु परिवर्तनका असर न्यूनीकरण तथा वातावरण संरक्षणका लागि लोमान्थाङ गाउँपालिकाले चुलो वितरण गरेको हो ।

लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टसीनुर्बु गुरुङका अनुसार वडा नं ३ फुवा र वडा नं ४ किमलिङका दुई सय १० परिवारलाई निःशुल्क एक–एक थान विद्युतीय चुलो वितरण गरिएको छ । उहाँले भन्नुभयो "दाउराको विकल्पमा विद्युतीय चुलोको प्रयोग बढाएर वातावरण संरक्षणको प्रयास गरेका हौं ।" अध्यक्ष गुरुङ र उपाध्यक्ष छ्युमी विष्टसहित वडाका जनप्रतिनिधिले बुधबार सम्बन्धित वडामा पुगेर चुलो वितरण गर्नुभएको हो ।

विद्युतीय चुलो खरिदका लागि गत वर्ष रु आठ लाख विनियोजन गरेको लोमान्थाङ गाउँपालिकाले यस वर्ष पनि बजेट व्यवस्था गरेको र सोबाट खरिद गरेर बाँकी तीनवटा वडाका सबै परिवारलाई वितरण गरिने जनाएको छ ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : अप्रत्यसित लाभ |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : कार्यमा सफलता | धनु | : आर्थिक समस्या |
| कर्कट | : शुभ यात्रा | मकर | : शारीरिक झमेला |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : मानसिक तनाव |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्भनुहोस् ।


## कम्पनी खारेजी सम्बन्धमा जारी गरिएको सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/१०/२३ मा दर्ता भएको प्रा.लि. द. नं २०८२५८ को सम्नुनति म्यूचियल इन्भेष्टमेन्ट समूह प्रा.लि. कम्पनीको मिति २०८१/०४/२४ मा सम्पन्न भएको बिशेष सभाले कम्पनी ऐन, २०६३ को दफा २ (ग) बमोजिम स्वेच्छिक खारेजी (लिक्विडेशन) मा लैजाने बिशेष प्रस्ताव पारित गर्ने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैको कुनै किसिमको लेनदेन बाँकी बक्यौता भएमा तथ्ययुक्त आधार र सबुत प्रमाणसहित यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिनभित्र निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्ने सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा हक दाबी लाग्ने छैन । कानुन बमोजिम भई जाने व्यहोरा सूचित गरिन्छ ।

**दामासायी ब्यवसायी, लिक्विडेटरको कार्यालयः मणिराम नेपाल**
**इजाजत नं. ५८२**
**सम्पर्कः ९८४७०६१५५४**

# लोभलाग्दो रुइसेको सुन्दरता

**पोखरापत्र संवाददाता**
म्याग्दी, ६ भदौं

रूखबिरुवा नभएको हरियाली भिरालो पाखोको पृष्ठभूमिमा देखिने हिमशृङ्खला । पाखाको चरनमा रमाइरहेकागाईभैंसी,भेडाबाख्राका बथान । घाम, पानी र बादलको लुकामारी । कोलाहलमुक्त र एकान्त वातावरण । चराहरूको चिरबिर, चिरबिर आवाज । सिरसिरे बताससँगैको शीतलता ।

समुन्द्री सतहदेखि दुई हजार दुई सय आठ मिटर उचाइमा अवस्थित म्याग्दीको रघुगङ्गा गाउँपालिका-२ स्थित रुइसेमा पुग्दा कुनै चित्रकारले मेहनतका साथ तयार पारेको क्याभासको जस्तो आभास हुन्छ । रुइसेको सौन्दर्यले समय बितेको पत्तै नहुने बेनीबाट त्यहाँ घुमेर आएका व्यवसायी कृष्णराज पौडेलले बताउनुभयो । "गर्मी छल्न, बजारको कोलाहल, व्यावहारिक र व्यावसायिक तनाबाट मुक्त हुनका लागि रुइसे उपयुक्त ठाउँ रहेछ," हालै दुई दिन रुइसेमा बिताएका उहाँले भन्नुभयो, "रुइसेको प्राकृतिक सुन्दरता शब्दमा बयान गरिसाध्य छैन ।"

रुइसेको प्रचारप्रसार, पूर्वाधार र खानेबस्ने सुविधा भएसँगै रुइसेमा आन्तरिक पर्यटकको चहलपहल बढ्न थालेको छ । रुइसे एक दशकअघिसम्म भगवतीका किसानहरूले गाईभैंसी र भेडाबाख्राको गोठ लैजाने थलोका रूपमा मात्र सीमित थियो ।

पछिल्लो समय भगवती, पिप्ले, गलेश्वर, बेनी, बागलुङ, कुश्मा, पोखराबाट पर्यटकहरू घुम्न आउन थालेका रुइसेकी होटल व्यवसायी कमला शाहीले बताउनुभयो । "दश वर्षअघिसम्म गोठ राख्ने खर्कमा सीमित रुइसे अहिले पर्यटकीय गन्तव्यका रूपमा विकास भएको छ," उहाँले भन्नुभयो, "व्यवसायी, कर्मचारी, शिक्षक र जागिरेहरू बिदा मनाउन आउने रुइसेमा अन्य समयमा पनि पर्यटक आउँछन् ।" धौलागिरि, नीलगिरि, अन्नपूर्ण, माछापुच्छे हिमाल र सूर्योदयको दृश्य अवलोकन गर्न पाउनु रुइसेको प्रमुख आकर्षण हो । ऋतुअनुसार रुइसेको पाखामा फुल्ने फूल, वनजङ्गल, ग्रामीण बस्ती, पशुगोठ, जीवनशैली र पहाडी भूगोलको दृश्य अवलोकन गर्न पाइने रुइसे बस्तीदेखि टाढा भएकाले कोलाहलबाट मुक्त छ । म्याग्दीको सदरमुकाम बेनीदेखि गलेश्वर-पिप्ले-भगवती हुँदै करिब एक घण्टा ३० मिनेट सवारी साधनको यात्रा गरेपछि रुइसे पुग्न सकिन्छ । कच्ची सडक पुगेको रुइसेमा रघुगङ्गा गाउँपालिकाले भ्यू टावर, पदमार्ग, वनभोजस्थल र डिभिजन वन कार्यालयले गुराँसको बगैंचा स्थापना गरेको गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले बताउनुभयो । रुइसेमा बास बस्ने पर्यटकहरू एक घण्टा उकालो हिंडेर भेडिओडारसम्म पुग्न सक्छन् । हिउँदमा भेडिओडारमाआउनेभेडाबाख्राका गोठले परम्परागत जीवनशैलीको झल्को दिन्छ । चरन क्षेत्रका भेडाबाख्राको दृश्य लोभलाग्दो हुन्छ । भगवतीको ऐतिहासिक कोतघर र मल्लकालीन रुइसे दरबारका भग्नाअवशेषहरू पनि अवलोकन गर्न सकिन्छ । रुइसेको रेष्टुरेष्टमा च्याउ, टुसा, निउरो, दौडेको अचार, लोकल कुखुरा र खसीबोकाको मासु, कोदोको ढिँडोलगायत परिकारको स्वाद लिन पाइन्छ । म्याग्दी र मुस्ताङलाई जोड्ने वैकल्पिक पदमार्ग धौलागिरि आइसफल पदमार्गको प्रवेशविन्दुमा पर्ने रुइसे-भेडिओडार क्षेत्रको पर्यटन प्रवर्द्धनका साथै त्यहाँसम्म पुग्ने सडक स्तरोन्नतिका लागि पहल गरेको हालै त्यस क्षेत्रको भ्रमण गर्नुभएका गण्डकी प्रदेशसभा सदस्य हरिबहादुर भण्डारीले बताउनुभयो । प्रदेश सरकारले पिप्लेदेखि भगवती जोड्ने पाँच किलोमिटर सडक कालोपत्र गरिसकेको उहाँले बताउनुभयो ।



मेमेपोखरीः
हिमालचुली हिमालको फेदमा रहेको समुन्द्र सतहदेखि चार हजार आठ सयमिटर उचाइमा रहेको लमजुङ दोर्दी गाउँपालिका-७ स्थित पर्यटकीय मेमेपोखरी । यहाँ पुग्दा मनोकामना पूरा हुने जनविश्वाँस रहेको छ । तस्बिर : जनक श्रेष्ठ / रासस

# लोप हुँदै हरेलो संस्कृति

**वासुदेव पौडेल**
पोखरा, ६ भदौं/रासस

कृषिमा प्राचीनकालदेखि चल्दै आएको शब्द हो 'हरेलो' । प्रत्येक वर्ष भदौ महिनाको पहिलो मङ्गलबार धान खेतीमा हरेलो गरेसँगै रोपाइँ गर्नु हुँदैन भन्ने प्राचीन जनविश्वास छ ।

यस दिन खेतमा विभिन्न अन्न मास, चामल, गहुँ, फापर, तोरी, जाँतो र ढिकीमा प्रयोग गरिने काठको टुक्रा राखेर मकैको खोस्टामा बाँधेर पोको पारी लट्ठीमा झुण्ड्याएर खेतमा गाडिदिने चलन छ । यसो गरेमा वर्षायाममा रोपेको धानमा कटाहा (मुसा) नलाग्ने, अन्न राम्रो उत्पादन हुने विश्वास गरिन्छ । यो संस्कृतिलाई धानबाली संरक्षण गर्ने पर्वका रुपमा समेत लिने गरिएको छ ।विगतमा हरेलोका दिन कास्की र आसपासका जिल्लामा धान रोपिएका खेतका ठाउँठाउँमा विभिन्न अन्न राखी बाँधिएका मकैका खोस्टाको पोकालाई सिमली, गिँदरी वा पातीको हाँगोमा झुण्ड्याएर गाडिएको देखिन्थ्यो । अहिले त्यो संस्कृति हराउने क्रममा रहेको पोखरा महानगरपालिका-३३ का अगुवा किसान रमेश आचार्यले जानकारी दिनुभयो ।उहाँका अनुसार कास्कीका सुरौदी र आसपासका क्षेत्रमा हरेलो गर्ने प्रचलन कायमै रहेपनि अधिकांश स्थानमा हराइसकेको छ । सामान्यतः



भदौको पहिलो मङ्गलबारसम्म अधिकांश खेत रोपिसक्ने भए पनि कुनै कारणवश रोप्न बाँकी भएमा हरेलो सार्ने प्रचलनसमेत रहेको आचार्यले बताउनुभयो । उहाँले भन्नुभयो, "अहिले उन्नत जातका धान रोप्ने प्रचलनले रोपाइँ चाँडै हुने हुँदा हरेलो सार्नुपर्ने अवस्था छैन ।" हरेलो संस्कृतिबारे पुरानो पुस्ता जानकार भए पनि पछिल्लो पुस्ताका लागि अनौठो बन्दै गएको उहाँको भनाइ छ । धान खेतीका साथै घर वरपर लगाइने लहरे तरकारीलाई मुसाले नकाटोस् भन्ने कामना गर्दै अन्नसहितको मकैको खोस्टामा बाँधिएको पोका झुण्ड्याउने प्रचलन थियो । युवा पुस्तामा यो संस्कृतिको जानकारी नहुनाका साथै कृषिप्रतिको बढ्दो अनिच्छा तथा विदेश पलायन लगायतका कारण लोपोन्मुख बनेको बुढापाका बताउँछन् ।

यस संस्कृतिलाई धानको न्वारनका रूपमासमेत लिने गरिएको छ । हरेलो गरेपछि धानको न्वारन कर्म पूरा हुने र त्यसपछि मात्रै यो धान पूजाआजामा प्रयोग हुने प्राचीन जनविश्वासले यस पर्वको सांस्कृतिक महत्व बढाएको पाइन्छ । हरेलो गरिसकेपछि परिवारमाखुसीयालीसहितसेलरोटी, फुरौला, माछा मासुसहित दाल, भात, तरकारी, अचार जस्ता विभिन्न परिकार खाने र जोत्ने हलीलाई खुवाउने प्रचलन रहेको स्थानीय किसान रेशम कार्कीले बताउनुभयो । हरेलोका दिन हलीलाई खुवाउने प्रचलन भए पनि पछिल्ला समयमा हलोको प्रयोग छोडेर ट्याक्टरको प्रयोग हुँदा उक्त परम्परा हराएको उहाँको धारणा छ । कृषिको व्यावसायिकीकरण एवम् आधुनिकीकरणले परम्परागत कृषिमा आधारित संस्कृति लोपहुँदै गएको उहाँको भनाइ छ । यस क्षेत्रमा प्राचीनकालदेखि असार १५ मा रोपाइँ गरी हिलो खेल्ने तथा दही चिउरा खाने, साउन १५ मा खिर खाने, भदौको पहिलो मङ्गलबार हरेलो गर्ने, मङ्सिर १ गते खलो पुज्ने, नयाँ धान भित्र्याएपछि न्वागी खाने जस्ता कृषिमा आधारित संस्कृति कायम छन् । अघिल्लो पुस्ताबाट पछिल्ला पुस्तामा प्राचीन संस्कार एवम् संस्कृति हस्तान्तरण हुन नसक्दा यस्ता संस्कृति लोप हुँदै गएका हुन् । पोखरा क्षेत्रमा विगतमा राम्रो धान फल्ने कुँडहर, पटनेरी, शिशुवा, मालमुल, राजाकोचौतारा, गगनगौँडा लगायतस्थानमा बस्ती विकाससँगै धानखेती हुने खेतहरू घडेरीमा परिणत बन्दै गएका छन् । पोखरा क्षेत्रमा २० वर्षको अन्तरालमा धेरै खेतीयोग्य जमिन घडेरीमा परिणत भएको पोखरा महानगरपालिका कृषि महाशाखा प्रमुख मनोहर कडरियाले जानकारी दिनुभयो । उहाँका अनुसार पोखरा महानगरभित्र हाल एघार हजार दुई सय हेक्टर क्षेत्रफलमा धानखेती भइरहेको छ ।

# बाढीपहिराले तनहुँका ग्रामीण सडक अवरुद्ध

**पोखरापत्र संवाददाता**
तनहुँ, ६ भदौं

बाढीपहिरोका कारण तनहुँका ग्रामीण सडक अवरुद्ध भएका छन् । केही दिनदेखि परेको वर्षाका कारण बाढीपहिरोले जिल्लाका विभिन्न ठाउँमा ग्रामीण सडक अवरुद्ध हुँदा सर्वसाधारणलाई सास्ती भएको छ ।

ऋषिङ गाउँपालिका-५ लाग्नेचौतारीदेखि राम्जाकोटसम्म पुग्ने बाटो आज पहिरोले अवरुद्ध भएपछि सर्वसाधारणलाई सास्ती भएको स्थानीय पूर्णिमा क्षेत्रीले बताउनुभयो । बाटो अवरुद्ध भएपछि विशेषगरी बिरामीलाई स्वास्थ्य संस्था र विद्यार्थीलाई विद्यालयसम्म आउजाउ गर्न कठिन भएको उहाँले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "पहिरोले बाटै ढाकेको छ, हिँड्डुल गर्न समस्या छ, सम्बन्धित निकायले चाँडोभन्दा चाँडो बाटो खोल्नेतर्फ पहल गर्नुपर्छ ।"

भिमाद नगरपालिका-८ भावर जरेवारमार्ग अन्तर्गत सिम्ले टोलमा वर्षाका कारण बुधबार सडक भासिँदा उक्त खण्ड अवरुद्ध भएको छ । भिमाद-५ स्थित वानटाङ खोलामा आएको बाढीले कजवे भत्किँदा दुई दिनदेखि सडक अवरुद्ध छ । खोलामा आएको बाढीले मङ्गलबार कजवे भत्किँदा भिमाद हुँदै ऋषिङ गाउँपालिकाका विभिन्न ठाउँमा जाने सडक अवरुद्ध भएको हो । खोलामा आएको बाढीले कजवे भत्किँदा सवारी साधन सञ्चालन हुन नसकेको वडाध्यक्ष पदमबहादुर थापाले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "खोला बढेको छ,



मानिस वारपार गर्न समेत जोखिम छ, पानी नघटेसम्म सवारी साधन सञ्चालन गर्न मिल्दैन ।"

यही बाटो हुँदै ऋषिङ-८ पल्ट्याङका सर्वसाधारण भिमाद बजार आउजाउ गर्छन् । खोला बढेपछि सवारी साधन सञ्चालन हुन नसक्दा स्थानीयलाई सास्ती भएको छ । यो खोलामा पक्की पुल निर्माण गर्नुपर्ने स्थानीयको वर्षौंदेखिको माग रहेको स्थानीय अस्मिता अधिकारीले बताउनुभयो । बर्खाका बेला खोला बढ्दा विद्यार्थीलाई विद्यालयसम्म आउजाउ गर्न समस्या रहेको उहाँको भनाइ छ ।

यस ठाउँमा तनहुँ जलविद्युत् आयोजनाले पक्की पुल निर्माणको तयारी गरिसकेको छ । आयोजनाले डुबान क्षेत्रमा पर्ने वानटाङ खोलामा पक्की पुल निर्माणको प्रक्रिया सुरु गरेको हो । वर्षौंदेखि खोलामा पुल नहुँदा समस्या भोग्दै आएका यस क्षेत्रका बासिन्दालाई पुल बनेपछि राहत हुने भएको छ । आयोजनाको सामुदायिक विकास कार्यक्रमअन्तर्गत यहाँ पुल निर्माण गर्न लागिएको आयोजना प्रमुख श्यामजी भण्डारीले जानकारी दिनुभयो । पुल निर्माणका लागि आयोजनाले गत असार १४ गते बोलपत्र आह्वान गरेको छ । उक्त पुलको लागत करिब रु २५ करोड रहनेछ । भण्डारीले भन्नुभयो, "एसियाली विकास बैङ्कको सहयोगमाआयोजनाप्रभावितक्षेत्रमा सामाजिक उत्तरदायित्वअन्तर्गत पक्की पुल निर्माणको प्रक्रिया सुरु भएको हो, पुल बनेपछि यस भेगका सर्वसाधारणलाई आवतजावतमा सहज हुनेछ ।" भिमाद हुँदै ऋषिङका विभिन्न वडा जाने भिमाद ऋषिङ खण्डअन्तर्गत वानटाङ खोलामा पुल नहुँदा बर्खायाममा यस भेगका हजारौं सर्वसाधारणले सास्ती भोग्दै आएका छन् । खोला बढेको बेला वारपार गर्न नै समस्या हुने गरेको छ । पुल नहुँदा यस भेगका जनताले जोखिम मोलेर खोला तर्न बाध्य छन् ।

# लिफ्ट खानेपानी आयोजनाले विद्युत्मा पाए अनुदान

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ६ भदौं

स्याङ्जाका एक सय १० लिफ्ट खानेपानी आयोजनाले विद्युत् महसुलबापत रु एक करोड बढी अनुदान पाएका छन् ।

गण्डकी प्रदेशभित्रका नागरिकलाई स्वच्छ, गुणस्तरीय, सर्वसुलभ र सुरक्षितरूपमा खानेपानी सेवा पुऱ्याउने उद्देश्यले लिफ्ट खानेपानीमा लाग्ने महसुलमा अनुदान दिइएको खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयका प्रमुख हरिप्रसाद तिमिल्सिनाले बताउनुभयो । प्रदेश सरकारले लिफ्ट खानेपानीमा लाग्ने विद्युत् महसुलमा अनुदान दिने नीति ल्याएसँगै गत आर्थिक वर्ष २०८०/८१ मा स्याङ्जाका एक सय १० आयोजनाले अनुदानबापत रु एक करोड पाँच लाख एक हजार दुई सय १४ पाएको उहाँले बताउनुभयो । लिफ्ट खानेपानी आयोजनामा विद्युत् महसुल अनुदानसम्बन्धी मापदण्ड २०७९ का आधारमा स्थान तथा अनुदानग्राही छनोट गरी अनुदान दिइएको हो । स्थान तथा अनुदानग्राही छनोटका आधारअन्तर्गत मासिकरूपमा रु २५ हजारसम्मको विद्युत् खपत गर्ने अनुदानग्राहीलाई कूल विद्युत् महसुलको शत्प्रतिशत अनुदान दिइएको हो । मासिक रु २५ हजारदेखि रु ४० हजारसम्मको महसुलमा ७५ प्रतिशत उपलब्ध गराइएको हो । तीन तह वा सोभन्दा बढी तहको लिफ्टिङ खानेपानी योजनाका हकमा ९० प्रतिशत अनुदान दिइएको छ । मासिक रूपमा रु ४० हजारदेखि रु ६० हजारसम्मको विद्युत् खपत गर्ने अनुदानग्राहीले कूल विद्युत् महसुलको ५० प्रतिशत र तीन तहभन्दा बढीको लिफ्टिङ खानेपानी योजनाको हकमा ६५ प्रतिशत अनुदान दिइएको छ ।

मासिक रूपमा रु ६० हजारदेखि रु ८० हजारसम्म विद्युत् खपत गर्ने अनुदानग्राहीले कूल विद्युत् महसुलको २५ प्रतिशत र तीन तहभन्दा बढी तह भएका योजनाले ४० प्रतिशत अनुदान प्राप्त गरेको कार्यालयका लेखापाल प्रेमप्रसाद रेग्मीले बताउनुभयो । मासिक रूपमा रु ८० हजारभन्दा बढीको विद्युत् खपत गर्ने योजनामा १० प्रतिशत तथा तीन तहभन्दा माथिका योजनामा १५ प्रतिशत अनुदान कार्यालयले उपलब्ध गराएको हो । स्याङ्जामा सञ्चालनमा रहेका एक सय २० लिफ्ट खानेपानी योजनाले अनुदान रकमका लागि आवेदन दिएका लेखापाल रेग्मीले बताउनुभयो । आवेदन दिएकामध्ये सबैको आवश्यक कागजात अपुग भएका र रित नपुगेकाले कूल एक सय १० योजनाले मात्रै विद्युत् महसुलमा अनुदान पाएका हुन् ।

# 'डेडिकेटेड' र 'ट्रङ्क लाइन'को बक्यौता उठाइन्छः प्रधानमन्त्री

**रासस**
काठमाडौं, ६ भदौं

प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल विद्युत् प्राधिकरणको 'डेडिकेटेड' र 'ट्रङ्क लाइन'को बक्यौता एक रुपैयाँ नछाडेर उठाउने स्पष्ट गर्नुभएको छ ।

प्रतिनिधिसभाको आजको बैठकमा सांसदको प्रश्नको जवाफ दिँदै प्रधानमन्त्री ओलीले भन्नुभयो, "बक्यौता उठाइन्छ, छोडिँदैन, तर उद्योग बन्द गरेर होइन सञ्चालन नै गरेर उठाइन्छ । विगतमा किन समयमै महसुल उठाइएन, किन लाइन काटियो र किन फेरि लाइन जोडियो भन्ने प्रश्न सम्बन्धित निकायसँग जोडिन्छ । यसमा सरकार स्पष्ट छ, लाइन बन्द नगरी बक्यौता उठाइनेछ ।" उहाँले सरकार र प्राधिकरणबीच कुनै मतभेद नभएको पनि स्पष्ट गर्नुभयो । उहाँले यस विषयमा अहिले सामाजिक सञ्जाल र कतिपय मिडियामा आधारहीनप्रचार भइरहेको उल्लेख गर्दै विद्युत् प्राधिकरणले महसुल उठाउन खोजेको र सरकारले मिनाहा गरेको भन्दै झुठो प्रचार अर्थहीन भएको टिप्पणी गर्नुभयो । प्रधानमन्त्री ओलीले भन्नुभयो, "उद्योग नै बन्द हुँदा बक्यौता उठ्ने आधार पनि बन्द हुन्छ, रोजगारी बन्द हुन्छ, उत्पादन पनि घट्छ, व्यापार घाटा बढ्छ । बक्यौता उठाउन पनि त उद्योग चलाउनै पर्छ ।

औद्योगिक ग्राहकसँग लिनुपर्ने खपत अनुसारको महसुल मिनाहा गरिएको भन्ने झुठो सूचनाको पछि नलाग्न म सबैलाई आग्रह गर्छु । खपतअनुसारको महसुल उठाएरै छोडिन्छ ।"